# सेल्टर, सुरुङ र सहादत



अगम बान्तवा
केन्द्रीय सल्लाहकार परिषद् सदस्य

## पृष्ठभूमि

भूमिगतकालमा जनताको निवास (सेल्टर) वर्तमान राजनीतिक तथा सामाजिक जागरणका महत्त्वपूर्ण आधार हुन् । नेकपा (एमाले)को वर्तमान विरासत यही जनताको निवासको दुःखद एवं कष्टपूर्ण भोगाइको क्षितिज हो । परिवर्तनको आन्दोलनलाई ऊर्जा प्रदान गर्न एवं सङ्गठनलाई अनुशासित तथा व्यवस्थित गर्न सेल्टरको ठूलो योगदान छ । कम्युनिस्ट आन्दोलनको विकासका लागि सेल्टर र सेल्टरदाताले पुऱ्याउनु भएको योगदान स्वर्ण अक्षरमा लेखिनुपर्छ, ताकि इतिहासका यी कालखण्डहरू भावी पुस्ताका लागि अनुकरणीय बन्न सकून् ।

जनताको निवास (सेल्टर)का रूपमा तयार गरिएको मेरो संस्मरणमा मूलतः २०३२ सालबाट विकसित सेल्टरको अवधारणा र प्रजातन्त्रको पुनःप्राप्ति २०४६ सम्मका घटनाक्रम समावेश गरिएका छन् । मेरा काकाहरू रत्नकुमार बान्तवा र बमप्रसाद बान्तवालाई निरङ्कुश पञ्चायती सरकारले २०३५ सालमा निर्ममतापूर्वक गोली हानी हत्या गरेपछि मैले १२/१३ वर्षको कठोर भूमिगत जीवन इलाम जिल्लाभित्रै बिताएको छु । त्यसैले इलामको कम्युनिस्ट आन्दोलनको अलिकति चर्चा गर्दा उपयुक्त होला भन्ने ठानेको छु ।

## इलाममा कम्युनिस्ट आन्दोलनको विकासक्रम

२००६ सालमा नेपाल कम्युनिस्ट पार्टीको स्थापना भएको केही वर्षभित्र नै इलाम जिल्लाको नाम्सालिङ, सोयाङमा पार्टी नेता डीपी अधिकारीको आउने/जाने क्रम बढेको थियो। डीपी अधिकारीकै पहलमा २००८ सालको अन्त्यतिर चन्द्रमणि ढकालको

नेतृत्वमा कमिटी गठन भएको थियो। २००८ सालमा नै कांग्रेस सरकारले कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लगायो। २०१० तिर सोयाङ, नाम्सालिङका अगुवा र सचेत किसानहरूको अगुवाइमा अखिल नेपाल किसान सङ्घ र नेपाल कम्युनिस्ट पार्टीका इकाइहरू निर्माण हुन थाले। यही सिलसिलामा कमरेड पुष्पलाल श्रेष्ठ पनि नाम्सालिङ आउनु भई प्रशिक्षण कक्षा सञ्चालन गर्नुभएको भन्ने सुनिन्छ। सिङ्गो इलाममा कम्युनिस्ट पार्टीतिर आकर्षित युवाहरूको महत्त्वपूर्ण पङ्क्ति विकसित भइरहेको थियो, जसको नेतृत्व ज्ञानीराम भट्टराईले गर्नुभएको थियो। त्यसभित्र टीकाप्रसाद सापकोटा, मोहनकुमार चापागाईं, रुद्र चापागाईं, इन्दिरा चापागाईं, धर्मप्रसाद ढकाल, छायादेवी चापागाईं, मनमाया दुलाल, सोमप्रसाद सञ्जेल, अम्बरबहादुर घिमिरे, तिलविक्रम ढकाल, बुद्धिमान तामाङ, रामचन्द्र पोखरेल, प्रजापति नेपाल, भीमप्रसाद राई, ऋतुकान्त खनाल, पेम्बा लामा, सुन्दर शेर्पा, खड्गप्रसाद कठेत लगायतका युवाहरूले सक्रिय रूपमा नेपाल कम्युनिस्ट पार्टीका पुस्तक र पर्चाहरूको अध्ययन थाल्नु भई कम्युनिस्ट पार्टी निर्माणको आधार तयार पारेको देखिन्छ।

वि.सं. २०१० भदौमा अखिल नेपाल किसान सङ्घको जिल्ला कमिटी गठन भयो। कार्तिक महिनाको अन्त्यबाट त्यसै सङ्घको नेतृत्वमा सामन्तविरोधी सङ्घर्ष सुरु भयो। तत्कालीन समयमा जमिन्दारलाई अन्न ब्याज सयकडा ३० देखि ५० पाथीसम्म र सयकडा २० रुपैयाँ ठेकी भनेर बुझाउनु पर्थ्यो। जिल्लाको धेरै भागमा सशक्त आन्दोलन भए। अनेकन् धरपकड र दमनका बाबजुद सोयाङ र नाम्सालिङमा किसानहरूले सफलता प्राप्त गरे। २०१२ सालको अन्त्यसम्म आइपुग्दा इलाम जिल्लामा दुईवटा इलाका कमिटी, दुईवटा गाउँ कमिटी र एउटा अध्ययन दलसमेत अनेकिसङ्घ जिल्ला कमिटीको विस्तार गरेको इतिहास पाइन्छ।

२०१२ चैतको अन्त्यतिर नेपाल कम्युनिस्ट पार्टी, इलाम जिल्ला कमिटीको स्थापना भयो। ज्ञानीराम भट्टराई सचिव र पेम्बा लामा कोषाध्यक्ष रहेको ९ सदस्यीय जिल्ला कमिटीमा टीकाप्रसाद सापकोटा, मोहनकुमार चापागाई, रुद्र चापागाई, सोमप्रसाद सञ्जेल, बुद्धिमान तामाङ, खड्गप्रसाद कठेत र गङ्गाप्रसाद लामिछानेसहित सदस्य रहनुभएको इतिहासले बताउँछ।

२०१४ सालको अन्त्यतिर सन्तवीर लामा इलामका बडाहाकिम भएर दार्जिलिङको सुकेबाट नेपालको पशुपतिनगर फिक्कल हुँदै बढो लावालस्करका साथ आए। आउनासाथ उनले विकास निर्माणका नाममा ११ दिन श्रमदान लगाउने, जबरजस्त चन्दा असुल्ने, चन्दा नदिएको खण्डमा पुर्जी काटेर बोलाउने र बाँधेर आफैं कुटपिट गरी

पैसा असुल्ने गर्न थाले। बाटो खन्दा किसानहरूको बालीनाली सखाप भए पनि कसैले मेरो बाली नष्ट भयो भनेर बोल्नसमेत पाइँदैनथ्यो। बजारका व्यापारीहरूलाई ४००, ५०० रुपैयाँ माग्ने र नदिएको खण्डमा कुटपिट गरिन्थ्यो। बडाहाकिमको अत्याचारका विरुद्ध पार्टी जिल्ला कमिटी बैठक बसी सचिवको नेतृत्वमा डेलिगेसन गयो र निम्न मागहरू राख्यो :

१. जिल्लाभर उठेको रकमको हिसाबकिताब देखाइयोस्।
२. श्रमदानका नाममा ११ दिनसम्म जबरजस्त काममा नलगाइयोस्।
३. एउटा व्यवसायी बिन्देश्वरीको मात्र गाडी नचलाइयोस्, अरुले पनि चलाउन पाऊन्।
४. जनताले छुटाइसकेको बेठी र झार्लाङी पुनः नदोऱ्याइयोस्।

लामो बहस र छलफलपश्चात् उल्लेखित मागहरू पूरा गरिदिने भनी बडाहाकिमले आश्वासन त दिए, तर तोकिएको समयमा मागहरू पूरा गर्नुको सट्टा ठूला–ठूला अक्षरमा 'हिम्मत छ, तिमीहरू बाबुको छोरा हौ भने र इलाममा कम्युनिस्ट छ भने मसँग लडेर माग पूरा गर, नत्र मबाट स्वीकार हुने छैन' भन्ने सूचना लेखेर सन्तवीरको हस्ताक्षरसहित कार्यालयमा टाँसे। त्यसपछि जिल्ला कमिटीले बैठक बसी सन्तवीरका विरुद्धमा आन्दोलनको घोषणा गऱ्यो। आन्दोलनका क्रममा पार्टी सचिवसहित धेरै कार्यकर्ताहरू गिरफ्तार भए। पक्राउ पर्नेहरूलाई बडाहाकिम सन्तवीर आफैंले चरम यातना दिने काम गरे। कार्यकर्ताको गिरफ्तारी तथा यातनाविरुद्ध दिन–प्रतिदिन आन्दोलन सशक्त बन्दै गयो। गाउँगाउँबाट कार्यकर्ताहरू कालो झण्डा लिएर सदरमुकाम आउन थाले। महिलाहरूको सहभागिता बढ्दै गयो। अन्त्यमा आन्दोलन सुरु भएको नवौँ दिनमा बडाहाकिम सन्तवीरलाई आन्दोलनकारीहरूले इलामबाट लखेटे र माईखोलाको पुलसमेत भत्काइदिए।

तर २०१७ को परिवर्तनपछि केही अवधि कम्युनिस्ट पार्टीको भूमिगत गतिविधि पनि ठप्प भयो। त्यसबेलाका नेता–कार्यकर्ताहरू धेरैजसो पलायन भएर झापा झरे। कोही इलाममा नै निष्क्रिय भएर बसे। कमरेड ज्ञानीराम भट्टराईको २०२१ जेठ २५ गते भएको असामयिक निधनले इलामको कम्युनिस्ट आन्दोलनलाई अपूरणीय क्षति पुग्यो। नेतृत्वविहीन अवस्थामा रहेको इलामको कम्युनिस्ट आन्दोलन अझ शिथिल बन्न पुग्यो।

२०२८ सालको झापा विद्रोहपछि इलाम जिल्लाको कम्युनिस्ट आन्दोलन नयाँ सिराबाट अगाडि बढ्यो, जसमा इलाम क्याम्पसका विद्यार्थीहरूको महत्त्वपूर्ण भूमिका

छ। बुर्जुवा शिक्षा बहिष्कार गर्दै आधारभूत जनताका बीचमा जाने अभियान नै सञ्चालन गरियो। जनताका बीचमा जानु भनेको उनीहरूसँग घुलमिल हुने, जे खान्छन् त्यही खाने र उन्हीरूको मन जितेर आश्रयस्थल तयार गर्नु नै थियो। झलनाथ खनाल २०२७ सालमा मङ्गलबारेको भानुभक्त हाईस्कुलमा आईएसी शिक्षक भएर आउनु भयो। म त्यहाँ सात कक्षामा पढ्थेँ। उहाँले विज्ञान विषय पढाउँदा द्वन्द्वात्मक भौतिकवाद लगायत मार्क्सवादको पनि व्याख्या गर्नुहुन्थ्यो। उहाँकै पहलमा २०२८ सालमा स्ववियुको गठन भयो। सभापतिमा बमप्रसाद बान्तवा र सदस्यमा म पनि रहेका थियौँ। स्ववियुका तर्फबाट विद्यार्थीहरूका आवश्यक मागहरू पटक–पटक प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिमा पेस गरेका थियौँ। विद्यालयले मागहरू पूरा नगरेका कारण २०२९ सालको अन्त्यतिर स्कुलमा हडताल सुरु भयो। हडतालको तेस्रो दिनबाट केही विद्यार्थी स्कुल जान सुरु गरे। शिक्षकहरू झलनाथ खनाल र पूर्णचन्द्र श्रेष्ठ लगायत हामी सात जना विद्यार्थी पक्राउ पर्‍यौँ। अनेक यातनापछि सात दिनमा विद्यार्थीलाई छोड्यो भने शिक्षकलाई जेल पठाइयो। त्यसपछि मैले पनि बुर्जुवा शिक्षा बहिष्कार गर्ने निर्णय गरेँ। त्यस समयमा कलेजमा पढ्न र पढाउन सक्ने अभिभावक भनेका मध्यम वर्गका व्यक्तिहरू नै थिए। जनताका बीचमा जानु, सुखदुःखमा भिज्नु, उनीहरूले जे खान्छन्– त्यही खानु, जस्तो लगाउँछन्– त्यस्तै लगाउनु, जसरी जीवन चलाइरहेका छन्– सोही अनुसार जीवनशैलीमा परिवर्तन ल्याउन कल्पना गरेजस्तो सजिलो थिएन। बुर्जुवा शिक्षा भनेर बहिष्कार गर्ने साथीहरू अधिकांशले केही समयपछि मास्टरी गर्ने त कोही अन्य जागिर खाने गर्न थाले।

झलनाथ खनाल जेल परेपछि कार्यकर्ताहरू नेतृत्वविहीनजस्तो अवस्थामा भए। विराटनगरको बाजेको पसलमा चिनियाँ र रुसी प्रगतिशील पुस्तक पाइन्छ भन्ने सुनेपछि साथीहरूसँग मिलेर अलिअलि पैसा जम्मा गरेर माओ त्सेतुङका उद्धृत उक्तिहरू भन्ने रातो किताब लगायत मार्क्सवादको पहिलो पुस्तक खोजी–खोजी किनेर ल्याई पढ्ने पढाउने गर्न थाल्यौँ। उद्धृत उक्तिहरू पढेर कण्ठ गरेर सुनाउने काम गर्‍यौँ। हाम्रो एक मात्र अठोट थियो– घर–परिवारलाई सचेत गर्ने। मेरो बुबा २०१७ सालमा पञ्चायती व्यवस्था सुरु हुँदा मनोनीत प्रधानपञ्च पहलमान राई भ्रष्टाचारको अभियोग लागी फरार भएपछि त्यसपछिको निर्वाचित प्रधानपञ्च हुनुहुन्थ्यो। म विद्यार्थी आन्दोलनमा पक्राउ परेर छुटेपछि हाम्रा मागहरू बुबालाई सुनाउँदा कुरा त ठिकै गरेका रहेछौ भनेर समर्थन गर्नुभएको थियो। अर्कोतिर छिमेकी पञ्चायतको ठूलो पण्डितको छोरा, धेरै पढेको झलनाथ खनाल पनि कम्युनिस्ट नेता हो भन्ने थाहा पाएपछि बुबाको राम्रो समर्थन प्राप्त भयो। आमा र भाइबहिनीलाई मैले आफ्नै ढङ्गबाट सचेत गर्न थालेँ। यसरी नै

बम बान्तवाले पनि बुबा, आमा, भाइ र बहिनीलाई सचेत गर्न लाग्नु भयो। बुबाहरूले सुन्नुभएको थियो– रत्न पनि धरान कलेजमा पढ्न सुरु गरेपछि बम देवानको सङ्गतले कम्युनिस्ट भैसक्यो रे भनेर। त्यसैले पनि बुबाहरूको समर्थन प्राप्त गर्न गाह्रो भएन। बम बान्तवाका बुबा पञ्चायत सुरु भएपछि पटक–पटक ८ नम्बर वडाको वडाध्यक्षमा निर्विरोध निर्वाचित भएपछि 'आठ नम्बरे' भनेर नामै चलेको थियो।

## भूमिगत आश्रयस्थलको विकास

वि.सं. २०३२ जेठमा अखिल नेपाल कम्युनिस्ट क्रान्तिकारी को–अर्डिनेसन कमिटी (मार्क्सवादी लेनिनवादी) केन्द्र (कोके) गठन भएलगत्तै भदौमा कोकेको इलाम जिल्ला कमिटी गठन भयो। त्यो भेला हाम्रै घरमा भएको थियो। कमरेडहरू झलनाथ खनाल (नरेश), रत्नकुमार वान्तवा (महेश), भक्त देवान (मालेस्मा) र गणेश राई (रविन) को उपस्थिति थियो। तीन दिनसम्म उहाँहरूको घनिभूत छलफलद्वारा झलनाथ खनाल सचिव रहनुभएको चार सदस्यीय जिल्ला कमिटी बन्यो। त्यस भेलामा गणेश गौतमलाई पनि बोलाइएको थियो रे, तर उहाँको सहभागिता थिएन। केही समयपछि उहाँ पलायन भएर भारतको बागडोग्रा बस्न थाल्नुभयो।

उहाँहरूको छलफल घरपरिवार लगायतले सुन्न र त्यहाँ बस्न पाइँदैनथ्यो। हाम्रो गाउँ चमैता चित्रेमा तीन जनाको रेडगार्ड गठन गरेका थियौँ। म त्यसको कमान्डर थिएँ। सदस्यहरूमा बमप्रसाद बान्तवा र मोहनकुमार बान्तवा रहेका थिए। मेरो भूमिगत नाम अरुण, बमको लाल र मोहनको अम्मर रहेको थियो। रेडगार्डले साँझ परेपछि चित्रेबाट हिँडेर इलाम बजार आई गणेश राईको घरबाट चिनियाँ र रुसी मार्क्सवादी पुस्तक बोकेर उज्यालो हुने बेला चित्रे पुऱ्याउने काम गर्दथ्यो। एकोहोरो चित्रेबाट इलाम पैदल आउन करिब चार घण्टा लाग्थ्यो। अहिलेको जस्तो टर्चलाइटको व्यवस्था थिएन। अहिलेको जस्तो गाईबस्तु गोठमा राखेर पाल्ने चलन पनि थिएन। उज्यालो भएपछि खोलेर चराउने चलन थियो। बाटोघाटोमा असाध्यै धेरै जुका लाग्थे। जुकाले टोकेर खुट्टा रगताम्य बनाउँथ्यो।

हामीले रातारात ओसारपसार गरेका पुस्तकहरू उहाँहरूले गम्भीर अध्ययन छलफल गर्नुहुन्थ्यो जस्तो लाग्छ। बेलुकाको खाना खाइसकेपछि जब गाउँलेहरूको आवतजावत बन्द हुन्थ्यो, अनि घर–परिवारका सदस्यहरूसँग सामूहिक छलफल हुने गर्थ्यो।

हाम्रो घरमा गाउँलेहरूको आउजाउ भइरहन्थ्यो। मान्छे आएको सूचना दिन तलामाथि छलफल गर्ने ठाउँमा धागोले बाँधेर सानो घण्टी झुन्ड्याइएको थियो। यसलाई कसैले पनि नदेख्ने गरी सिकुवामा राखिएको थियो र त्यसको निगरानी सानासाना भाइबहिनीले गर्थे। मान्छे आउँदा धागो तान्ने, अनि ऊ गएपछि फेरि धागो तानेर गएको सूचना दिने गरिन्थ्यो। त्यतिबेला हाम्रो घर, रत्नकुमार बान्तवाको घर र बम बान्तवाको घरमा सेल्टर थियो। बाहिरबाट आउनु हुने कमरेडहरूलाई अलिक बढी बमको घरमा राख्ने गरेका थियौँ। नख्खु जेल ब्रेकपछि सीपी मैनाली पनि बस्नुभएको थियो भने ईश्वर पोखरेल, हरि नेपाललाई पनि बमको घरमा नै राखिएको थियो। सेल्टरमा बस्ने नयाँ कमरेडहरूको नाम, थर, ठेगाना सोध्नु हुँदैनथ्यो। कसैले सोधी हाल्नुभयो भने यस्ता कुरा नसोध्नू राम्रो, हामीलाई आफ्नै छोराछोरी सम्झिदिनुहोस् भनेर बुझाउनु पर्थ्यो। यस्तो अवस्थामा जो कमरेडबाट उक्त सेल्टर तयार गरिएको हो, उसले घर–परिवारलाई सचेत नगराएको भनेर आलोचना खेप्नु पर्थ्यो।

२०३४ सालको सुरुबाट रत्नको अगुवाइमा तीन जनाको रेडगार्ड स्क्वाडले पार्टीका दस्ताबेज र अरु महत्त्वपूर्ण सामग्री सुरक्षित राख्न र आपतकालीन बैठक बस्न काका रत्नकै कोठाबाट राति–राति सुरुङ खन्न थाल्यौँ। सुरुङलाई रत्नको कोठाबाट ३०/३५ मिटर तल पुऱ्याएर पुष्पलालको घरसँग जोड्ने योजना थियो। भाइहरूको अर्को टोली बनाएर २०३५ सालको सुरुबाट खन्न सुरु भयो। रत्नबाहेक दुवै टोलीलाई सुरुङ खनिँदैछ भन्ने थाहा थिएन। हामीलाई खन्न वर्षायाममा सजिलो थियो। निस्किएको माटो खोला–खोल्सीमा बगाउन सजिलो हुन्थ्यो। म पार्टी कामलाई विस्तार गर्ने उद्देश्यका साथ २०३४ सालको मध्यतिर इभाङको फेवाखोला छेउ आँपडाँडामा अलिकति पाखोबारी किनेर त्यता लागेँ। सुरुङ खन्न मेरो सट्टामा मैरै भाइ डिल्ली सामेल भयो। २०३५ चैत २७ गते रत्नको हत्या भयो। त्यसपछि सुरुङ खन्ने काममा सामेल एक जना साथीको कमजोरीले गर्दा प्रतिक्रियावादीहरूले सुरुङ पत्ता लगाए र गाउँलेहरूलाई पुर्न लगाए। बहुदलीय व्यवस्था पुनर्स्थापनापश्चात् त्यस सुरुङलाई जिर्णोद्धार गरिएको छ। हाल रत्नका भाइहरूले दिनुभएको घरसहितको दुई रोपनी जमिन र प्रतिष्ठानले खरिद गरेको थप तीन रोपनी जमिनसमेत गरेर पाँच रोपनी जग्गामा तारघेरा गरेर सुरुङ र घरलाई संरक्षण गर्ने काम रत्न–बम प्रतिष्ठानले गरिरहेको छ। नजिकै अर्को दुई तले पक्की घरसमेत निर्माण गरिएको छ।

२०३५ सालको मंसिर महिनामा रत्न, बम र मेरा नाममा अञ्चलाधीश कार्यालयबाट वारेन्ट जारी भयो। रत्नमाथि बढी निगरानी सुरु भएपछि उहाँ पूर्णरूपमा भूमिगत हुनुभयो। २०३२/३३ सालदेखि नै पार्टी काममा तेह्रथुम, ताप्लेजुङ र पाँचथर

जाँदा रत्नले मलाई साथी लिएर जानुहुन्थ्यो। ताप्लेजुङको सदरमुकाम र सिनामका कुलप्रसाद उप्रेती, हरि नेपाल, अम्बर कुँवरका घरमा बसेका थियौँ। पाँचथरमा विक्रम सुब्बा लगायतले बनाउनु भएका किसानको सेल्टरमा बसेका थियौँ। एकपल्ट ताप्लेजुङबाट फर्कंदै गर्दा पाँचथरको फिदिम बजार छेउमा सुनुवार मुखिया जातिका गरिब किसानका घरमा पनि बसेका थियौँ। राति तीन/चार जना किसान कुरा गर्न आउनुभएको थियो। चैतको महिना थियो। राति एक बजेसम्म सानो टुकी बालेर रत्नले उहाँहरूसँग कुरा गर्नुभयो। किसानहरू आ–आफ्नो घर गएपछि घरबेटी चाहिँ बर्खे धान रोपेको खेतमा पानी हेर्न जानु भएको थियो। सालक भेटाउनु भएछ र मारेर ल्याउनु भएछ। हामी निदाउन मात्र के लागेका थियौँ, किसानले सालक ल्याउनु भएपछि उठेर रत्नसँग बनाउन थाल्नु भयो। बुढी आमा पनि हुनुहुन्थ्यो। निन्द्रा पुगेर होला, उठेर सालक फोरफार गरेर पाकुन्जेल बस्नु भयो। चिया पकाएर दिनुभयो। सालकको मासु खाइसक्दा उज्यालो हुने बेला भइहाल्यो। 'आमा हामी गयौँ है' भनेर बिदा माग्दा उहाँले 'नानीहरू सुत्न पनि पाएनौ, कहाँ जाने हो, होसियार भएर जानु है' भनेर बिदा गर्नुभयो।

रत्नको साथीका रूपमा हिँड्ने क्रममा २०३४ सालमा कमरेड मदन भण्डारीलाई मोरङ कुलझोडामा घरैमा भेट्ने अवसर पाएँ। यसै क्रममा २०३५ पुस ११ गते कमरेड मदन भण्डारीको घर नजिकै इटहरामा कमरेड टेकबहादुर राईको घरमा आयोजना गरिएको नेकपा (माले)को स्थापना सम्मेलनमा सहभागी हुन काका रत्नकुमार वान्तवालाई मैले मोरङ मधुमल्ला छेउको सेल्टर दाता घनश्याम भण्डारीकहाँ पुस ५ गते पुऱ्याएर इभाङ फर्किसकेको थिएँ। रत्नले मलाई कमरेड हरि नेपाल पुस ८ गते इभाङ आइपुग्नुहुन्छ, उहाँलाई मोरङ भक्तबहादुर तामाङकहाँ पुऱ्याउनुपर्ने जिम्मेवारी दिनुभएको थियो। पुस ९ गते बिहान इभाङबाट बाटो लागेर साँझपख मदन कमरेडको घरछेउकै भक्तको घरमा पुग्यौँ। वातावरण पहिलेको भन्दा अलिक फरक थियो। स्थानीय कमरेडहरूको चहलपहल निकै थियो। हामी पुग्नासाथ 'तपाईंहरूलाई बाटोमा कसैले भेट्यो भेटेन ? कसैले कहाँ जाने भनेर सोध्यो सोधेन ?' भनेर हामीलाई प्रश्न गरियो। हामीले 'कसैसँग भेट भएन र कसैले सोधेन पनि' भन्यौँ। खानपिन गरिसक्दा निकै समय बितिसकेको थियो। रत्नले मलाई हरि नेपाललाई त्यहाँबाट स्थानीय कमरेडहरूले अन्यत्रै लानुहुन्छ भन्नुभएको थियो। हरि नेपाललाई पनि कति टाढा जानुपर्ने हो, थाहा थिएन। हामीलाई निकै थकाइ लागेको थियो भने हरि कमरेड त ताप्लेजुङबाट लगातार हिँडेको तीन दिन भइसकेको थियो। स्थानीय कमरेडहरूले हामी दुवैलाई 'हिँड्न तयार हुनुहोस्, अब जाने' भनेर प्रस्ताव राख्नुभयो। मैले भनेँ– मलाई त महेश कमरेडले यहाँसम्म मात्र भन्नुभएको छ म त जान्नँ, यहाँबाट फर्किन्छु'। एक जनाले 'होइन, दुवै जनालाई लिएर

आउनु भन्ने मलाई आदेश छ। म त्यहींबाट तपाईंहरूलाई लिन आएको हो’ भन्नु भएपछि अत्यन्तै होसियारीका साथ हामी बाटो लाग्यौँ। दिनभरिको हिँडाइमा अनेकन् सबालमा कुराकानी भए पनि त्यस्तो महत्त्वपूर्ण सम्मेलन हुँदैछ भनेर हरि नेपालले मसँग चुहाउनु भएन। काका रत्नले पनि अलिकति सङ्केतसम्म गर्नुभएन। त्यस समयमा गोपनीयतालाई अत्यन्तै कडाइका साथ पालना गर्नुपर्थ्यो। सायद हरि कमरेडलाई पनि सम्मेलन हो भनेर जानकारी नगराइएको हुन सक्छ।

हामी केही समयमा सम्मेलन स्थलमा पुग्यौँ। मदन भण्डारी, रत्न लगायत भूमिगत रूपमा चित्रे आउनुभएका कमरेडहरूसँग भेट भयो। अरु सहभागी मेरा लागि नौला थिए। कार्यक्रम सुरु भएपछि मलाई सुत्नका लागि अर्कै घरमा लानुभयो। पछि बुझ्दा कमरेड भुवनसिंह राईको घर रहेछ। रात धेरै बितिसकेको थियो। एकछिन झपक्क निदाएर उज्यालो हुनुभन्दा अगाडि नै घरबेटी कमरेडले मूल बाटोसम्म निकालिदिनु भएपछि म इभाङ फर्कें।

त्यस समयमा मैले हुलाकीको काम धेरै गर्नुपर्थ्यो। ताप्लेजुङ, पाँचथर र झापा चिठीपत्र ओसारपसार गर्नुपर्थ्यो। चिठी लेख्दा कमरेडहरूले पातलो कागजमा मसिनो अक्षर खाँदेर लेख्नु हुन्थ्यो। चिठी कथंकदाचित् शत्रुको हातमा परिहाल्यो भने सहज ढङ्गबाट नष्ट गर्न सकियोस्, सहजै चपाएर निल्न सकियोस् भनेर यसो गरिन्थ्यो।

त्यसलगतै माघ २६ र २७ गते रत्नकुमारकै घरमा नेकपा (माले) इलाम जिल्ला कमिटी गठन गरियो। सचिवमा कमरेड रत्न र सदस्यहरूमा टेकबहादुर राई, धोजविक्रम राई, जीवन मगर, कुमार तिवारी, लोकबहादुर लिम्बु हुनुहुन्थ्यो। जीवन मगर झापा विद्रोहबाट पक्राउ पर्नुभएको थियो र नख्खु जेल ब्रेक गरेर बाहिर निस्केपछि २०३४ सालमा चित्रे आएर रत्नको घरमा देखावटी रूपमा गोठाला बस्नु भएको थियो।

वि.सं. २०३५ फागुन २१ गते राति सहिद दिवसको अवसरमा हामीले पाँचथरको सिमानामा रहेको रवि बजारमा नेकपा (माले) स्थापना र इलाम जिल्ला कमिटीसमेत गठन भएको पर्चा टाँस्ने, छर्ने र भित्ते लेखन गर्ने काम गऱ्यौँ। त्यसलगत्तै प्रशासनिक धरपकड सुरु भयो। फागुन २४ गते नाम्सालिङ लोकबहादुर लिम्बुको घरमा कमरेडहरू रत्नकुमार बान्तवा, डिल्लीप्रसाद र जयमिला सशस्त्र प्रहरी घेरामा पर्नुभयो। तीनै जनाले त्यस घेरालाई सहजताका साथ तोड्न सफल हुनुभयो र प्रतिक्रियावादीहरू कागजी बाघ हुन् भन्ने कुरा प्रमाणित गरेर देखाउनु भयो। कमरेड लोकबहादुर लगायत उहाँकी एक बहिनी र एक भाइलाई भने प्रहरीले गिरफ्तार गऱ्यो। कान्छी बहिनी कमरेडहरूसँगै भाग्न सफल हुनुभयो। छिमेकी सेराहाङ लिम्बुलाई समेत प्रशासनले गिरफ्तार गऱ्यो।

त्यसलगत्तै चमैता चित्रेमा अन्धाधुन्ध धरपकड सुरु भयो। रत्न, बम र मेरो बुबालाई गिरफ्तार गरेर २८ महिनासम्म बिनाकारण जेलमा राखियो। रत्नका भाइ महेश र मेरी बहिनी सरस्वतीसमेत १२/ १३ वर्षका बालकलाई पनि गिरफ्तार गरेर चरम यातना दिइयो। सोझा किसान चन्द्रप्रसादलाई बिनाकारण ६ महिनासम्म कस्टडीमा राख्ने काम गऱ्यो। पुष्पलालको घरबाट खन्न सुरु गरेको सुरुङबारे जानकारी पाएपछि उहाँहरू श्रीमान् र श्रीमती नै निर्वासित हुनुपऱ्यो। बमका दुई भाइ र एक बहिनी, मेरा दुई भाइ र एक बहिनी, रत्नका एक भाइ लगायत १५ वर्षमाथिका हामी युवाहरू सबै भूमिगत हुन बाध्य भयौँ। बमका घरमा ६० वर्षमाथिकी बुढी आमा मात्र रहनुभयो।

अरु गाउँका युवाहरू सबै निर्वासित भए। रत्न र पुष्पका घर रित्ता भए। मेरो घरमा ८० वर्षका हजुरबुबा–हजुरआमा, ६० वर्ष पुगेकी अपाङ्गता भएकी दिदी, साना दुई जना भाइ र बहिनी मात्र बाँकी रहे। उहाँहरूले ’तिमीहरूका छोराछोरी कहाँ गए, आउँछन् कि आउँदैनन् भन‘ भन्दै दैनिकजस्तो अनेकन् धम्की र आतङ्क भोग्नु पऱ्यो। पकाएका भातका भाँडा हेरेर ‘कसलाई भात खुवाइस्’ भनेर यातना दिने काम भए। दलालहरूले ५/६ घरबाट सुन, चाँदी, हाँडाभाँडा, अन्नपात लुटेर लगे। प्रहरी र दलालहरूले घरमा पालेका कुखुरा, परेवा, सुँगुर खाइदिए। जिउँदै राँगाको फिला झिकेर खाइदिए। निर्दोष किसान निमा शेर्पालाई रत्न बान्तवाजस्तै देखेर २०३५ चैत २४ गते गोली हानी हत्या गरे। यसरी चित्रे गाउँलाई नै तहसनहस बनाए।

**रत्नको हत्यापछि इलाम**

कमरेड सुशीला श्रेष्ठलाई ताप्लेजुङ पुऱ्याउन जान हिँड्नुभएका रत्नकुमार वान्तवालाई प्रतिक्रियावादीहरूले २०३५ चैत २७ गते बिहान ४ बजेतिर इभाङको आँपडाँडामा गोली हानी हत्या गर्न सफल भए। सुशीला भने प्रहरीको घेरा तोडेर भाग्न सफल हुनुभयो। नाम्सालिङ, साँखेजुङ, चमैता, इभाङलगायत जिल्लाका विभिन्न स्थानमा धरपकड तीव्र पारियो। रत्नको हत्या भएको दुई दिनपछि चैत २९ गते राति बम, डिल्ली, मोहन, डम्बर र जयप्रकाश भएर सुशीलालाई खोज्ने क्रममा राति एक बजेतिर फेवाखोलाको बगरमा रत्नलाई एक मिनट मौनधारण गरी श्रद्धाञ्जली दिएका थियौँ र उहाँका सपना पूरा गर्ने बाचा गरी बमको टोलीसँग छुटेका थियौँ। त्यसपछि बमसँग कहिल्यै हाम्रो भेट भएन। २०३६ वैशाख १ गतेका दिन इभाङमा जयप्रकाशको घरमा म, सुशीला श्रेष्ठ र बमकी बहिनी देउकला आश्रय लिएर बसेका बेला बिहान तीन बजे सशस्त्र प्रहरीको टोलीले घेरा हाल्यो। रत्नको हत्या भएको स्थानबाट उम्किन सक्नुभएकी त्यसै घरकी बहिनी राममाया त्यस दिन पनि समयमै भाग्न सफल हुनुभयो।

जयप्रकाश र छिमेकी बडाबाबुकी छोरी राजकुमारीलाई तुरुन्तै गिरफ्तारी गऱ्यो। अघिल्लो दिन दिउँसोदेखि नै सिभिल ड्रेसमा प्रहरी हिँड्ने, सीआईडीहरू आवतजावत गर्ने क्रम बढेको थियो। प्रहरीहरूले घरमा नै आएर पानी मागेर जयप्रकाशलाई तलामाथि को छ भनेर सोधेका रहेछन्। उहाँले 'कोही छैन, बहिनी बिरामी छ' भन्नुभएको रहेछ। बेलुका जयप्रकाशले यो कुरा सुनाउनु भएपछि भोलिपल्ट बिहानै जङ्गल जाने र उतै दिन बिताउने योजना बनायौँ। त्यस ठाउँमा अरु दुई तीनवटा सेल्टर त थिए, तर प्रहरी गतिविधि बढेपछि गाउँमा बस्ने स्थिति रहेन। हामीले आश्रयस्थल छोड्ने तयारी गर्दै थियौँ। घरका बहिनीहरू उठिसक्नु भएको थियो। जयप्रकाशलाई पनि प्रशासनले निगरानीमा राखिसकेको थियो, कुनै पनि बेला पक्राउ गर्न सक्थ्यो। त्यसैले उहाँलाई पनि सँगै लिएर जाने योजना थियो। भर्खरै नाम्सालिङमा घटेको घटनामा उज्यालो भएपछि मात्र घेरा हालेको हुनाले राति नै घेरा हाल्छ जस्तो लागेको थिएन। बिहान ढिलो उठ्ने बानीले पनि धोका पाइँदो रहेछ। त्यस दिन जयप्रकाशलाई पटक–पटक उठाउनु पऱ्यो। उहाँलाई बहिनीहरूले उठाउँदै हुनुहुन्थ्यो। म भरुवा बन्दुक लिएर घरवरिपरि घुमेर हेरेँ, केही देखिएन। आफैँ जयप्रकाशलाई उठाउन लागेँ। त्यसैबेला प्रहरीले घर घेरा हालिहाल्यो, हामी निस्कनै पाएनौँ। ढोका–ढोकामा हतियारधारी प्रहरी उभिन थाले। जयप्रकाशलाई बाँधेर यातना दिँदै तलामाथि को छ भनेर सोध्न थाले। बिस्तारै उज्यालो पनि हुँदै गयो। हामी घरको बुइँगलमा चढेर प्रतिकार गर्ने तयारीमा थियौँ। मसँग एकनाले भरुवा बन्दुक थियो। दुई बहिनीसँग लामो बिँड भएका एक–एक वटा भाला थिए। जयप्रकाशले कोही छैन भनी प्रतिकार गरिरहनु भएको थियो। उहाँलाई अगाडि लगाएर प्र्रहरी तलामाथि चढे। बुइँगल अँध्यारो थियो। त्यहाँ पनि जयप्रकाश कोही छैन भन्दै चढ्नुभयो। उहाँका पछि हबल्दार थियो। सानो लिस्नो थियो। लिस्नोबाट केही खुड्किला चढ्नासाथ हबल्दारको टाउको देखियो, देउकलाले भालाले निधारमा हानी हाल्नुभयो। त्यसपछि सबै प्रहरी जयप्रकाशलाई छोडेर तल झरे। जयप्रकाश पनि तल झर्नुभयो। त्यसपछि जयप्रकाशलाई अत्यन्तै यातना दिन थाले। दर्दनाक आवाज आउँथ्यो। बेलाबेला बेहोस भएर होला, कुटाइ र प्रहरीको अश्लील आवाज सुनिन्थ्यो। पूरै उज्यालो भएपछि दुई जना प्रहरी बन्दुक बोकेर दोस्रो तलामा चढे। एक जना पूर्वपट्टिको ढोकामा उभियो र अर्काले खाटमा बसेर धानको ढुकुटीमा राखेको कुखुराको अण्डा फुटाउँदै काँचै खान थाल्यो। बुइगलबाट भरुवा बन्दुकले हान्न खोज्दा दुवै जनाको घुँडामुनि मात्र भेट्ने भयो। अण्डा खाने पुलिस भुइँमा कागजको टुक्रा देखेर टिप्न निहुरिएका बेला फायर गरेँ, तर कम्मरमा भएको सिटी र बाहिरी छाला मात्र भेटेछ। ढोकामा उभिएको प्रहरी त्यहीँबाट तल हाम फाल्यो भने घाइते भऱ्याङबाट

तल झऱ्यो। तत्कालै छ/सात राउन्ड गोली चल्यो। हामी बुइँगलको ढुङ्गाको गारोमा आड लिएर बस्यौँ। मैले सुती सुती बन्दुक भरेँ।

मैले हानेको बन्दुकले बीच तलाको खाटको सिरकमा आगो सल्किएछ। रत्नको हत्यास्थलमा प्रहरीले कुटेर फुटेको सुशीला र राममायाको टाउकोको घाउ धुँदा धोएको फोसीमा पानी थियो। झरेर सिरक डुबाएर आगो निभाएँ। त्यसपछि भुइँतलामा झरेर पछाडिको झ्यालबाट हेर्दा त्यता प्रहरीहरू देखिएनन्। घरदेखि माथि मात्र बोलेको सुनेँ। तुरुन्तै दोस्रो तलामा चढेँ। बुइगलबाट दुई जनाले हेरिरहनु भएको थियो। हातको इसाराले बोलाएपछि त्यही झ्यालबाट निस्किएर हामी जङ्गल पस्यौँ। त्यसदिन प्रतिकार नगरेको भए तीनै जना पक्राउ पर्ने थियौँ। पछिल्लो घटनालाई हेर्दा मलाई गोली हानी हत्या गर्ने पक्काजस्तै थियो।

घरदेखि नजिकै च्याङफुम्बा जङ्गल छ। त्यसको बीचमा तावाखोला छ। त्यो सानो खोलाको छेउमा कोही नपुग्ने ठाउँमा दुई जनालाई छोडेर म गाउँमा निस्कैँ। गाउँका साथीहरूलाई भेटी २/३ नाल भरुवा बन्दुक जम्मा गरेर बारुद भरेर तयार पाऱ्यौँ। गाउँमा प्रायः सबै घरमा भरुवा बन्दुक हुन्थ्यो। जयप्रकाश र राजकुमारीलाई बाटोमा लैजाँदै गर्दा पुलिसहरूमाथि आक्रमण गरेर खोस्ने योजना बनायौँ। मूल बाटोदेखि २५/३० मिटरमाथि सानो जङ्गलमा भूपू भारतीय सैनिक देशबहादुर राई, नन्दु भाइ र म तीन जना तयारीका साथ ढुकेर बस्यौँ। प्रहरीको शक्ति थपिएको रहेछ। २५/३० जनाको हतियारधारी प्रहरी समूहले जयप्रकाश र राजकुमारीलाई बीचमा राखी लैजाँदै गरेको देख्यौँ। भूपू आर्मी देशबहादुरले बजाइदिऊँ, एक दुई जना मर्छन्, तीन–चार जना घाइते हुन्छन् भनेर बन्दुक सोझ्याउन थाल्नुभयो। नन्दु भाइले पनि ठोकौँ भन्नुभयो। मैले 'एकछिन है, प्रहरीहरू धेरै छन्, जयप्रकाश अघि पनि हामीसँग नबसी बुइगलबाट पुलिसहरूका पछि पछि झर्नु भयो, भाग्न पनि सक्नुहुन्न, दुस्साहस नगरौँ, अझ बढी नोक्सान हुन सक्छ' भनेर रोकेँ। हामी घरबाट सुटुक्कै निस्किएर जङ्गल पसेपछि प्रहरी शक्ति थपेर गाउँलेहरूलाई भेला गराई भित्र पठाउँदै तलामाथिका देशद्रोहीहरूलाई निकाल भनेर पठाउँदो रहेछ। भित्र कोही पनि छैन भनेर निस्किनासाथ गाउँलेहरूलाई 'ढाँट्छस्' भन्दै झापड हान्दो रहेछ। बुढापाकाहरूले पनि वृद्ध उमेरमा झापड खाएछन्। हतारमा हामीले छोडेको भरुवा बन्दुक र भालाहरू सबै निकालेर बुझाउँदा पनि विश्वास भएनछ। सबै गाउँलेलाई पालैपालो भित्र पठाउँदा पनि सबैले भित्र कोही छैन भनेपछि डराई–डराई पहिले तल्लो तहका सिपाहीहरूलाई गाउँलेहरूको साथमा पठाएछन्। उनीहरूले पनि भित्र कोही छैनन् भनेपछि हामीलाई अश्लील शब्द प्रयोग गर्दै हाकिमहरू पनि भित्र पसेछन्।

सबैसँग सम्पर्क टुटिसकेको थियो। सुशीला र देउकलालाई दुई दिनसम्म दिउँसो दिउँसो त्यही इभाङको चेम्फुङबा र माङमालुङको जङ्गलमा राख्यौँ। बेलुका भएपछि गाउँ पसेर साथीहरूलाई भेटी अरु आश्रयहरू निर्माण गर्न पहल गर्ने, गोपनीयतालाई कडाइ गर्ने कुरा गऱ्यौँ। २०३४ सालको सुरुमा सङ्खुवासभाका जमिन्दार गोपाल श्रेष्ठलाई अपहरण गरी सफाया गर्ने वासु शाक्यको टोलीका सदस्य कमलसिंह मादेन इभाङको आँपडाँडामा देखावटी गोठालाका रूपमा मसँगै बस्नुभएको थियो। उहाँलाई पूरै भूमिगत भएर बस्ने गरी गाउँमा नै छोडेँ। अब मेरो कर्तव्य चित्रेबाट विस्थापित भएका सबैलाई सम्पर्क गर्नु थियो। सुरक्षित आश्रयस्थलमा पुऱ्याउनु थियो। जिल्ला कमिटीका कमरेडहरूलाई सम्पर्क गर्नु थियो। सुशीला र देउकलासहित हामी राति इभाङको पावा गाउँबाट हिड्यौँ। देउकलालाई इभाङकै अर्को गाउँ मान्द्रेणीमा केही दिनका लागि आफन्तकहाँ छोडियो। सुशीला र म दिनभरि माईखोलाको किनारमा दिन बिताएर रात परेपछि दानाबारी गयौँ। त्यहाँ कमरेड रत्नकुमारले झापाका कमरेडहरूसँग सम्पर्क गर्ने मुख्य सेल्टरका रूपमा रामप्यारी दिदीको घर थियो। त्यहाँ रत्नको हत्या भएको कुरा सुनेर झापाका विनोद कमरेड आउनु भएको रहेछ। त्यसपछि मात्र दिदी र भिनाजु लालबहादुरले पनि थाहा पाउनु भएको रहेछ। वास्तविक के हो, हल्ला मात्र हो कि साँच्चै हो भनेर बुझ्नका लागि बगैंचाका डिकबहादुर तामाङलाई इलाम पठाउनु भएको रहेछ। त्यसपछि मात्र कमरेड रत्नको साँच्चै हत्या भएको रहेछ भनेर थाहा पाउनु भएको रहेछ। हामी पुग्नासाथ दिदीले तलामाथि सुरक्षित साथ लगेर तिमीहरू पनि महेशका साथमा थियौ भाइ भनेर सोध्नुभयो। मैले सँगै थिएँ भनेर जवाफ दिएँ। थोरै कुराकानी गरेर दिदी 'कति दिनदेखि भोकै हौला, खाना पकाउँछु' भनेर खाना पकाउन लाग्नुभयो। दिदी र भिनाजु चिन्तित र गम्भीर हुनुभएको थियो। हामी पुग्नुभन्दा अगाडि नै घरपरिवारले खाना खाइसक्नुभएको रहेछ। हामीले खाना खाँदा कोही आउँछ कि भनेर बाहिर नानीहरू चनाखो भएर बसेका थिए। परिवार राजनीतिक रूपमा सचेत थियो। खाना खाइसकेपछि तलामाथि सानो टुकी बालेर रत्नको कहाँ कसरी हत्या भयो, त्यहाँ को को थियौँ, हामी कसरी भाग्न सफल भयौँ, त्यसपछि के के भयो, अहिलेसम्म को को प्रक्राउ परेका छन् आदि सवालमा दिदीभिनाजु र दिदीका भाइ विष्णु देवानसँग लामो कुराकानी भयो।

सुशीलालाई त्यहीँ छोडेर हामी विष्णु देवानसँग उज्यालो हुनभन्दा अगाडि नै विष्णुकै गाउँ आइतबारे भित्री गाउँतिर लाग्यौँ। दिउँसो बाटोमा जङ्गल, खोल्साखोल्सीमा समय बिताउनुपर्ने र साँझ परेपछि मात्र आश्रयस्थलमा छिर्नुपर्ने परिस्थितिले गर्दा दिदीले राति नै मकै–भटमास भुटेर झोलामा राखिदिनु भएको थियो। हामीले कटुसे जङ्गलमा

दिन बितायौँ। साँझ पर्न लागेपछि निस्केर गाउँतिर लाग्यौँ। विष्णुको घरमा पुग्दा निक्कै अँध्यारो भइसकेको थियो। उहाँका आमा र भाइसँग सामान्य कुराकानी भयो। विष्णुले घर–परिवारमा आमा र भाइहरूसँग सामान्य राजनीतिक कुराहरू गर्न थाल्नुभएको थियो भने गाउँघरका साथीभाइसँग समेत राजनीतिक छलफल चलाउन थाल्नुभएको रहेछ। विष्णुले दानाबारी दिदीकोमा बसेर महमाईको विष्णेटारमा अस्थायी शिक्षकका रूपमा प्राथमिक विद्यालयमा पढाउनु हुन्थ्यो। विष्णुको घरबाट उज्यालो हुनुभन्दा अगाडि नै निस्केर सोयाङतिर लाग्यौँ। दिनभरि जोगमाई खोलामा बिताएर साँझ परेपछि सिरिसे टेकबहादुर राईको घर–सेल्टरमा पुग्यौँ। उहाँ भर्खर गठन भएको पार्टी जिल्ला कमिटीको सदस्य हुनुहुन्थ्यो। रत्नकुमारलाई वारेन्ट भई पूर्णरूपमा भूमिगत भएपछि जीवन मगर पनि पूर्णरूपमा भूमिगत भएर सोयाङ र नाम्सालिङमा काम गर्नुहुन्थ्यो। उहाँसँग पनि त्यहीँ भेट भयो। बमको टोलीसँग भेट गर्ने कुरा भयो। जीवन पनि जिल्ला कमिटी सदस्य हुनुहुन्थ्यो। बम साँखेजुङतिर हुने सम्भावना थियो, किनभने उहाँको टोलीमा साँखेजुङकै डम्बर राई (अशोक) पनि हुनुहुन्थ्यो। साँखेजुङका सेल्टरका बारेमा मलाई थाहा थिएन, जीवनलाई भने थियो। जीवनलाई मैले बमसँग भेट्नका लागि साँखेजुङ जान अनुरोध गरेँ, तर उहाँले मान्नुभएन। अहिले जताततै प्रहरी गस्ती छ, हिँड्न खतरा छ, अन्य कुनै माध्यम लगाएर सम्पर्क गर्छु भन्दै साँखेजुङ जाने विषयमा तर्किनु भो।

सोयाङ पुगेको भोलिपल्ट बिहान अँध्यारै स्थानीय साथीहरूले विष्णुलाई मूल बाटोसम्म पुऱ्याएर बिदा गर्नुभयो। म एक दिन बसेर जितपुरको बाटो इभाङ फर्कें। वैशाख १० गते मोरङमा कमरेड मदन भण्डारीसँग सम्पर्क गर्नु थियो। त्यो वैशाख १० गते रत्न र मदनको भेट्ने समय निश्चित गरिएको कुरा मलाई थाहा थियो। रत्नको हत्या भएपछि मैले मदनलाई जसरी पनि भेट्नुपर्छ भन्ने मेरो बुझाइ थियो। इभाङ पुग्दा नियमित प्रहरी गस्ती गाउँमा नै रहेछ। कमलसिंह लगायत अरु साथीहरूलाई सुरक्षितसँग बस्न, अरु सेल्टर बनाउन पहल गर्न, प्रतिक्रियावादीहरूको हातमा नपर्न होसियारी अपनाउन र कथंकदाचित उनीहरूको हात परिहालियो भने अरु कसैलाई नपोल्न, गोपनीयतालाई कडाइका साथ पालना गर्न भनेर हामी छुट्टियौँ।

म पेरुङ्को बाटो मोरङतिर लागेँ। बाटोमा समय बिताउन मावा खोलामा हातखुट्टा धुने बहाना बनाउँदै गएँ। उर्लावारीमाथि मधुमल्ला बजारभन्दा अलिकति तल घनश्याम भण्डारीको घरमा आश्रयस्थल थियो। मधुमल्ला बजारबाटै जानु पर्ने। साँझ परेकाले बजार सुनसान भैसकेको थियो। कमरेड घनश्याम शिक्षक हुनुहुन्थ्यो भने परिवार राजनीतिक रूपमा सचेत थियो। उहाँकी बुढीआमाले जहिले हामीलाई 'होसियारीसाथ, बुद्धि पुऱ्याएर, जोगिएर हिँड्नु है नानी हो' भन्नुहुन्थ्यो। म पुग्नुभन्दा अगाडि मदन

(कमरेड जीवन) आउनु भई रत्नको हत्या भइसकेको कुरा बताएर 'कहीँ कतैबाट मान्छे वा चिठीपत्र आउन सक्छ है' भनेर अर्कै सेल्टरमा जानु भएको रहेछ। सानो टुकीको उज्यालोमा हेरेँ, घनश्यामको मुड सदाको जस्तो देखिँदैनथ्यो। रत्नको हत्या कसरी भयो भनेर थोरै बताएँ। यसै सेल्टरबाट मैले सुशीलालाई चौध/पन्ध्र दिनअगाडि मात्र इलाम लिएर गएको थिएँ।

जीवन कमरेड अलि टाढा बस्नुभएको रहेछ। खाना खाइसकेपछि घनश्यामले उहाँ बस्नुभएको सेल्टरमा पुऱ्याइदिनुभयो। एक्लै टाँडमाथि मधुरो टुकीको सहारामा खोइ कुन पुस्तक अध्ययन गरेर बस्नुभएको रहेछ। भेट्नासाथ गर्विलो हात मिलायौँ। एकछिन तीनै जना मौन बन्यौँ। छोटो कुराकानीपछि कमरेड घनश्यामलाई जानुहोस् भनेर बिदा गर्नुभयो। तत्पश्चात् मदनले सुरु कुरा गर्नुभयो। 'कमरेड महेशको हत्याले पार्टीलाई गम्भीर क्षति पुऱ्यायो। अब हामी महेशको अधुरो सपना पूरा गर्न, उहाँको हत्याको बदला लिन, होसियारीका साथ जनताको बीचमा जाने प्रण गर्नुपर्छ अरुण (मेरो भूमिगत नाम) कमरेड, यो भन्दा अर्को बाटो हामीसँग छैन' भन्नुभयो। मैले कमरेड महेशको हत्या र हत्यापछिको जिल्लाको वस्तुस्थितिबारे विस्तृत जानकारी गराएँ। अन्त्यमा कमरेड मदनले अहिलेसम्म प्रतिक्रियावादीका हातमा नपर्नु भएका, आफ्ना नातागोतामा लुकी–छिपी बस्नुभएका साथीहरूलाई होसियारपूर्वक सम्पर्क गरी केही समयका निम्ति मोरङतिर ल्याउने सल्लाह दिनुभयो। नसुतीकनै उज्यालो हुन लागेकाले घरका कमरेडलाई उठाउनु भयो र मलाई मूल बाटोसम्म निकाल्न जिम्मा लगाउनु भयो। आफू पनि अन्तै जान तयारी गर्नुभयो।

मैले त्यहाँबाट धरान जानु थियो। धरान क्याम्पसमा रत्नलाई पढ्नमा सबै हिसाबले सहयोग गर्नुहुने छयामाकोमा जानु थियो र रत्नको हत्याको खबर सुन्नुभएको भए पनि उहाँलाई कसरी घटना घट्यो भनेर स्पष्ट पार्नु थियो। तर मभन्दा पहिल्यै जयमिला पुग्नुभएको रहेछ र सबै विवरण बताइसक्नु भएको रहेछ। त्यहाँ एक दिन बसेर जयमिलासँगै झापा आएँ र इभाङबाट विस्थापित भएर झापा बसेका साथीहरूलाई भेट्यौँ। तीन दिनसम्मको झापा बसाइपछि हामी इभाङ पुग्दा त्यहाँबाट राममाया राई र प्रमिला राईलाई पक्राउ गरी जिल्ला प्रहरी कार्यालयको कस्टडीमा राखेको रहेछ। अन्य गाउँका किसानहरूलाई पनि पक्राउ गर्दै नजिकैको रवि थानामा लगेर दुई–चार दिन कस्टडीमा राखी यातना दिएर तारेखमा छाड्दो रहेछ। गाउँका युवाहरू फरार भएका रहेछन्। गाउँ नै पूरै आतङ्कित थियो। जङ्गलकै सहारा लिएर तीन दिनसम्म बसेर कमलसिंहलाई सम्पर्क गऱ्यौँ। अत्यन्तै होसियारीका साथ गाउँ छिरेर उभ्रेको भात छ भने

हतार–हतार खाएर जङ्गलमै फर्किन्थ्यौँ । हामीले खाना खाउन्जेल कोही आइहाल्छ कि भने उहाँहरूले ड्युटी गरिरहनु हुन्थ्यो ।

कमलसिंह र जयमिलासहित तीन जना भएर बमप्रसाद लगायत चित्रेबाट विस्थापित भएकाहरूलाई सम्पर्क गर्न हामी पूर्व लाग्यौँ। रामप्यारी दिदीकोमा पुग्दा देउकलालाई जुन ठाउँमा छोडेको थिएँ, बस्न अप्ठेरो भएर त्यहाँबाट हिँड्नु भएछ। महमाई विष्णेटारमा चन्द्रकला दाहाल सम्पर्कमा हुनुहुन्थ्यो । अन्धाधुन्ध चन्द्रकलाकोमा पुग्नु भएछ । चन्द्रकलाले सुरक्षित राख्नु भएछ । तर पुलिस गस्तीले अचानक खानतलासी गर्दा पक्राउ पर्नु भएछ र प्रहरीले त्यही दानावारीको बाटो सदरमुकाम लगेछ। दिदीकै सेल्टरमा झापाबाट आएका उषा कमरेडले मोहन र डिल्लीलाई लिएर गएको जानकारी दिनुभयो। 'यहाँ अरुण कमरेड आउनुहुन्छ होला, लाल र अशोकसँग हाम्रो सम्बन्ध टुटेको धेरै भयो, हामी चित्रेमा छिर्न नसक्ने भएपछि हिँडेको भनेर सुनाइदिनुहोला' भनेर मोहनले खबर छाड्नुभएको रहेछ । दिदीले सुनाउनु भयो ।

भोलिपल्ट बिहानै सोयाङतिर लाग्यौँ। त्यो दिन भने बाटामा समय बिताउनु परेन । खोइ त्यस दिन त रामप्यारी दिदीले बाटोमा खान मकै–भटमास पनि लगाइदिनु भएन । बाटोमा किनी खाने ठाउँ पनि थिएन । हामीसँग पैसा पनि थिएन । बाटामा हिँड्दा खोल्साखोल्सी पसेर ठोट्नेको टुसा, दुधेलोको मुन्टा खाएर भोक मेटाउने प्रयास गरियो। बाटो पनि लामो र खानेकुरा पनि नभएकाले थकाइ र भोकले निकै सतायो। झमक्कै रात परेपछि भगिमान राई (सुरेश)कहाँ पुग्यौँ। उहाँहरूले खाना बनाइदिनुभयो। सानो चिमे घर भएको भगिमानले हामीहरू आएको कुरा टेकबहादुरलाई जानकारी गराउनु भयो। टेकबहादुर पनि आउनु भयो। नाम्सालिङमा अहिले पनि प्रहरी गस्ती नियमित रहेको, प्रहरीले पक्राउ गरेका साथीहरू अहिले पनि कस्टडीमा नै रहेका, सोयाङ लगायत स्थानमा भने अहिले पुलिस गतिविधि नदेखिएको जानकारी पाइयो। जीवनले बमहरूको सम्पर्क गर्न पूर्वसमझदारी अनुसार काम नगरेको थाहा भयो। धोजविक्रम राई पक्राउ पर्नुभएको जानकारीसमेत भयो।

खाना खाएपछि हामीलाई अलग–अलग बस्ने व्यवस्था गर्नुभयो। म त्यहीँ बसेँ। दिनभरि भोकै र हिँडाइका कारण जीउ थकित भएकाले आज आराम गर्ने र भोलि जीवनलाई समेत बोलाउने कुरा भयो। भोलिपल्ट जीवन आउनु भयो। उहाँहरू दुवै जना जिल्ला कमिटीका सदस्य, अझ जीवन त रत्नपछिको नेता हुनुहुन्थ्यो। जीवनलाई मैले आत्मरक्षाको भावनाले ग्रस्त गैरजिम्मेवार भनेर गम्भीर आलोचना गरेँ। उहाँहरूले कमरेड बमसँग सम्पर्क गर्न बेवास्ता गरेपछि हामी बमलाई खोज्न साँखेजुङतिर हिँड्यौँ।

रत्नको हत्यापछि हामी उज्यालो हुनासाथ खोला–खोल्सामा लुकेर बस्ने र रात परेपछि हिँड्ने कार्यहरूमा अभ्यस्त भइसकेका थियौँ। हामी २०३६ वैशाख २९ गते बिहान उज्यालो नहुँदै साँखेजुङका डम्बर (अशोक) को भैंसीगोठमा पुग्यौँ। कोही न कोही बस्तुधन्दा गर्न आउनुहुन्छ होला, आएका बेला बम र डम्बरका बारेमा बुझौँ भनेर बस्दाबस्दै उज्यालो भयो। घाम झुल्कियो। गाई–भैंसीहरू कराउन लागे। गोठमा आलु उसिनेको रहेछ। त्यही आलु खायौँ। मानिस आएपछि आलु मागेर बोक्नुपर्छ भन्दै थियौँ, परबाट एक जत्था पुलिस हामी भएकोतिर आएको देख्यौँ। त्यहाँ भएको आलु झोलामा हालेर अलि तल झुत्रे खोलातिर लाग्यौँ। मलाई त्यस गाउँमा धेरैले चिन्ने भएकाले जङ्गलको झाडीमा समय बितायौँ।

साँझ परेपछि त्यहाँबाट निस्केर मङ्गलबारेको मझुवा गाउँमा मेरो फूपूको छोरी (दिदी)को घर गयौँ। त्यहाँ पुगेपछि थाहा भयो– कमरेड बमलाई हिजो वैशाख २८ गते दिउँसो पुलिसले पक्राउ गरी गोली हानी हत्या गरेछ। बमलाई पक्रेको घरको मान्छेलाई चाहिँ पक्राउ गरी इलामतिर लग्यो रे ! आज बजारमा पुलिसको चहलपहल धेरै थियो भनेर भिनाजुले बताउनु भयो। दिदीले भिनाजुलाई बाहिर ड्युटी राखेर आलु उसिनिदिनु भो। रत्नको हत्या भएको महिना दिन नबित्दै बमको हत्याको खबरले मलाई धेरै पीडाबोध भयो। दिदी भिनाजुहरू पनि आतङ्कित हुनुहुन्थ्यो। मझुवामा बस्ने अवस्था थिएन। गाउँमा कुकुरहरू जोडले भुक्न थालेपछि दिदीले उसिनेको आलु झोलामा हालिदिनुभयो र हामी त्यहाँबाट इभाङको पावागाउँतिर लाग्यौँ। गाउँमा पुग्दा पूरै उज्यालो भयो। दिनभरि जङ्गलमा बिताएर साँझ परेपछि बस्तीतर्फ लाग्यौँ। गाउँमा रत्नको हत्यासँगै प्रहरीको निगरानी कायमै रहेको अवस्था थाहा भयो। गाउँलेले हामीलाई दुई–चार दिन यस ठाउँबाट अन्यत्र गएर बस्नु नै राम्रो हुने सल्लाह दिनुभयो। दिनभरि जङ्गलमा बस्ने र रात परेपछि बस्तीमा छिरेर गाउँलेहरूलाई सम्झाउने बुझाउने गर्न थाल्यौँ। मदन कमरेडको सल्लाहबमोजिम उहाँसँगको सम्पर्क गर्न हामी मोरङको कुलझोडातर्फ लाग्यौँ। छिमेकी भक्तबहादुरकहाँ पुग्दा मोहन र डिल्ली उहीँ पुगेका रहेछन्। हामी इलामेहरूबीच अब के गर्ने भन्नेबारेमा लामो छलफल भयो। गम्भीर भएर रत्न र बमको हत्याका सवालमा समीक्षा गर्‍यौँ। रत्न र बमको सपना साकार पार्ने र उहाँहरूको हत्याको बदला लिन इलाममा नै टिकेर भूमिगत रूपमा जनसम्पर्क विस्तार गर्ने, नयाँनयाँ सेल्टर निर्माण गर्ने अठोट गर्‍यौँ। कमरेड मदन भण्डारीलाई हाम्रो निर्णय जानकारी गरायौँ। कमरेड मदन भण्डारीले कसरी सुरक्षित रूपमा काम गर्ने, रत्न र बमको हत्याबाट शिक्षा लिँदै पूर्ण भूमिगत शैली अपनाएर कसरी काम गर्ने भन्ने विषयमा प्रशिक्षण तथा निर्देशन दिने काम गर्नुभयो। हामीले मदन कमरेडलाई यसबीचको अवधिमा दमनग्रस्त गाउँहरूमा

पनि आफ्ना नातागोताहरूको माध्यमबाट टिक्न सक्ने विश्वासिला सेल्टर बनाइसकेको र अन्य पूर्वका गाउँहरू सोयाङ, आइतबारे, दानाबारी आदि स्थानमा टिकेर काम गर्न सकिने आधार भएको कुरा जानकारी गरायौँ। मदन कमरेडलाई विश्वास दिलाएपछि इलाम फर्कने अनुमति दिनुभयो। चार जना कमरेडहरू इलाम फर्कनु भयो भने मलाई भने कमरेड मदनले अमृत बोहरालाई इलामको पार्टी कामलाई व्यवस्थित गर्न लेखेको पत्र लिएर ताप्लेजुङ सिंहवीर लिम्बूका साथ लगाएर पठाउनु भयो। ताप्लेजुङ कुलप्रसाद उप्रेतीको घरमा दुई दिनसम्म बसेँ। ताप्लेजुङ जिल्ला कमिटीको बैठक सकेर असार ६ गते अमृत बोहरा र हरि नेपाललाई लिएर इलाम आयौँ। ताप्लेजुङबाट एकै दिन इलाम आइपुग्नु सामान्य कुरा थिएन। पानी परेको समय भिज्दै रातिको एक बजे इलाम प्याङको सोमबारेमा रहेको गङ्गा साङ्गीको याक्सामा आई आराम गर्‍यौँ। एक दिन त्यहीँ बस्यौँ। भोलिपल्ट सिरिसेतर्फ लाग्यौँ। गङ्गारामले भगिमानको घरसम्म पुर्‍याएर फर्कनु भयो।

सिरिसे गाउँ राई समुदायको गाउँ थियो भने त्यहाँ एक घर भट्टराईको थियो। फरक समुदायको एक घरलाई पनि टेकबहादुर लगायतका कमरेडहरूले राजनीतिक रूपमा सचेत गराइसकेका थिए। राईहरूको बसोवास भएको सिरिसेमा प्राय गरिब किसान थिए भने केही परिवारमात्र मध्यमवर्गीय थिए। लेकको ठाउँ र ओसिलो भएकाले अत्यन्तै चिसो हुन्थ्यो। प्राय घरहरू बाँसका चित्राले छाएका थिए भने टेकबहादुर राईको मूलघर भने ठूलो र उहाँको ससुराली घर दुईतले थियो। असार ९ गते अमृत बोहरा र हरि नेपालको उपस्थितिमा मइतराज राईको घरमा इलाम जिल्ला कमिटी पुनर्गठन गरियो। सचिव जीवन मगर, सदस्यहरू म, टेकबहादुर राई, मोहन बान्तवा र कुमार तिवारी भएको पाँच जनाको कमिटी बन्यो। सिरिसेमा छ/सातवटा घरहरू सेल्टरका रूपमा लिन सकिने अवस्था थियो। जिम्मेवारीका हिसाबमा मैले र मोहनले दमनग्रस्त गाउँ रोज्यौँ। बैठक सकिएपछि म आफूले रोजेको कार्यक्षेत्रतर्फ लागेँ। इभाङ पुगेको मात्र थिएँ, मलाई भेट्न डिल्ली एउटा पत्र लिएर आइपुग्नु भयो। चिठी खोलेर हेर्दा जीवन मगरले एक जना सेल्टरदाता महिलासँग अनैतिक सम्बन्ध राखेर बच्चा जन्मेपछि जिल्ला कमिटी पुनर्गठन गरेकै दिन बच्चालाई मारी गाडिएको खबर रहेछ। म रातारात सिरिसे फर्के। मोहनको नेतृत्वमा जीवनलाई पनि सफाया गर्ने स्क्वाड बनाएको रहेछ। मैले अहिले त्यसो नगरौँ, माथिल्लो कमिटीमा रिपोर्टिङ गरौँ भनेर रोकेँ। तुरुन्तै मदन भण्डारीलाई पत्र लेखेर डिल्लीलाई मोरङ पठाएँ। कमरेड मदनले 'अहिले केही नगर्नु होला, केही दिनमा जिम्मेवार कमरेड आउनुहुन्छ, अनि के गर्नुपर्छ गरौँला' भन्ने खबर गर्नुभयो। असोजको पहिलो हप्तामा कमरेड हरि नेपालले प्रदीप नेपाललाई लिएर आउनुभयो।

जिल्ला कमिटीको बैठक बसी जीवन मगरलाई पार्टी सदस्यबाट निलम्बन गर्ने कारबाही गऱ्यौँ।

**आन्दोलनको नयाँ शिरा**

केही महिनाभित्रै पार्टी निर्माणको कामले फड्को माऱ्यो। भूमिगत रूपमा काम गर्ने कार्यकर्ताहरू कमरेड प्रदीप नेपाल, म लगायत कमलसिंह मादेन, जयमिला राई, डिल्लीप्रसाद बान्तवा, मोहन बान्तवा, मनिकुमार बान्तवा, झुमा देवान (पछि प्रदीप नेपालसँग विवाह गर्नुभयो) थियौँ। झुमा देवान बाध्यताले भन्दा पनि केही साथीहरूले उत्साहित बनाएर स्वतस्फूर्त रूपमा भूमिगत हुनुभएको थियो। २०३५ सालको प्रशासनिक दमनपछि बुर्जुवा शिक्षा बहिष्कार गर्ने कलेज पढेका साथीहरू कोही मास्टरी जागिर खान ताप्लेजुङ, कोही जिल्लामै विभिन्न व्यवसायमा लागेका कारण बुद्धिजीवीहरूप्रति मेरो विश्वास हराएको थियो। रत्नले जहिले भन्नुहुन्थ्यो– बुद्धिजीवीहरू सिल्भरे थालजस्तै हुन्, जो छिट्टै तात्तिएर छिट्टै सेलाउँछन्। म इभाङतिर भएका बेला झुमालाई घर छोडाएर साथीहरूले सिरिसे गाउँमा पुऱ्याएको पत्र पाएँ। मैले उत्तरमा घर फर्काइदिनु भनेर जवाफ पठाएँ। केही दिनपछि सिरिसे पुगेर बुझ्दा फर्कन मान्नु भएन, माथि किसानहरूकहाँ राखेका छौँ भन्नुभयो। म उहाँलाई राति नै भेट्न गएँ। किसानहरूसँग आफूले ओढ्ने एकसरो कपडाबाहेक अन्य कपडाको जोगाड हुँदैनथ्यो। सहरबाट हिँड्नुभएकी झुमाले एकसरो फेर्ने लुगा बाहेक अन्य लुगा बोक्नु पनि भएनछ। जनताको बीचमा जाने भनेपछि राम्रो लुगा लगाउनु हुँदैन, जनताले जे लगाउँछन्, जे खान्छन्, त्यही लाउनु र खानु पर्छ भन्ने बुझ्नु भएको रहेछ। मकैको पातले बुनेको एउटा गुन्द्री ओछ्याएर त्यस्तै अर्को गुन्द्री ओडेर कुनामा पोको परेर सुत्नुभएको रहेछ। त्यो घरका महिला दिदीबहिनीहरू पनि एक्लाएक्लै बर्को ओढेर सुतेका रहेछन्। म पनि तपाईंहरूसँग सुत्छुभन्दा मान्नु भएनछ। झुमालाई पार्टीका पुस्तकहरू के के भेट्नु भयो, के के पढ्नुभयो भनेर मैले सोध्दा झिसमिसे पुस्तक पढेको छु भनेर जवाफ दिनुभयो। मलाई एक जना शिक्षक साथीले दिनुभएको खास्टो थियो, झोलाबाट निकालेर झुमालाई दिएँ। मसँग टेकबहादुर राई हुनुहुन्थ्यो। त्यसै रात झुमालाई अलिक राम्रो सेल्टरमा सारियो।

प्रतिक्रियावादीद्वारा सिर्जित अनेकौँ व्यवधान र जिल्लाको विशिष्टतामा भोग्नु परेको समस्याहरूसँग सङ्घर्ष गर्दै रत्न र बमको हत्याले पुऱ्याएको क्षति सामना गर्दै २०३७ असार ११ देखि १४ गतेसम्म जितपुरस्थित कमरेड गणेश बरालको घरमा दोस्रो जिल्ला सम्मेलन सम्पन्न भयो। केही महिनापछि जितपुरका किसान, विद्यार्थी र शिक्षकहरूले जमिन्दारको आठ मुरी धान कब्जा गरी आन्दोलन सुरु गरेपछि

जितपुर लगायतका स्थानमा धरपकड सुरु भयो। कतिपय किसान पक्राउ पर्नुभयो। त्यसपश्चात् हरि कट्टेल, मणिकुमार लिम्बु, पदम भण्डारी, हरि खनाल लगायत हाईस्कुल पढ्ने विद्यार्थीहरू भूमिगत हुन बाध्य हुनुभयो। एक समयमा इलाममा कार्यकर्ताको अभावले भन्दा पनि प्रत्येक गाउँमा कार्यकर्तालाई राख्न सकिने पर्याप्त सेल्टरहरू छन् भनेर कमरेडहरू आउनु हुन्थ्यो। २०४३ असार ३० गते झापाबाट टङ्क भट्टराई, टीका बस्नेत, हरि अधिकारी भूमिगत कार्यकर्ताको रूपमा आउनुभएको थियो। पछिल्लो समयमा पवित्रा निरौलासमेत भूमिगत कार्य गर्न इलाम आउनु भयो। इलाममा रहेका ४७ गाउँ पञ्चायतमध्ये केहीमा बाहेक पार्टी सङ्गठन विस्तार भइसकेको अवस्था थियो। सबैमा सेल्टरको विकास भएको थियो। आधारभूत वर्गबीचमा पार्टी काम केन्द्रित थियो र किसानहरूको मायाप्रेमका कारण इलामका धेरै सेल्टरहरूमा पार्टीका महत्त्वपूर्ण बैठक र भेला सम्पन्न भएका थिए।

### गाउँले परिवेश: आचरण र जीवनशैली

त्यतिबेला ग्रामीण भेगमा अहिलेको जस्तो विकास पुगेको थिएन। मानिसहरूमा चेतनाको अभाव थियो भने गाउँबस्तीमा शौचालय, प्रशस्त लुगाफाटा पनि थिएनन्। घरको खाँचो पूरा गर्न सामान्य कम्बल, गुन्द्रीपाखीजस्ता बस्तुहरू भए पनि पर्याप्त थिएनन्। अलग–अलग कोठा नभएका कारण आमाबुबा एकातिर, दाजुभाइ र दिदीबहिनी फरक–फरक स्थानमा तर एउटै भुइँमा सुत्ने स्थिति हुन्थ्यो। कतिपय सेल्टरमा घरपरिवारका मानिस कम्बल र पाखी ओढेर सुत्नुहुन्थ्यो। उहाँहरू उठेपछि हामीलाई दिनुहुन्थ्यो र हामी सुत्थ्यौँ। दिसापिसाब गर्न जङ्गल जानु पर्थ्यो। पिसाब फेर्न बाँसको चुङ्गे बनाउने र त्यसमा पिसाब फेरेपछि राति फ्याँक्ने गरिन्थ्यो। भूमिगत कार्यकर्ताले सरसफाइमा ध्यान दिन सकिँदैनथ्यो। राति मिलाएर नुहाउनु पर्थ्यो। हामीसँग फेर्ने लुगा हुँदैनथ्यो। प्रायः लुङ्गी बोक्ने गर्दथ्यौँ। बसेको बेला लगाउन पनि मिल्ने र सुतेको समयमा ओढ्नसमेत मिल्ने भएकाले लुङ्गी बहुउपयोगी थियो। सेल्टरमा बस्दा प्रायः आफू बसेकै ठाउँमा खाना खान्थ्यौँ। बेलुका भने परिवारका सदस्यसँग राजनीतिक कुराकानी गर्दै खाना खान्थ्यौँ। हामी जहाँ बसेका छौँ, किसानहरू त्यहीँ आउने, जनवादी गीत गाएर सुनाउने, अनुशासनका नियमहरू लय मिलाएर सुनाउने, वर्ग विलेषण गर्न सिकाउने, ल्यु हुलानको बाल कथा, पर्वत पन्छाउने मुर्ख बुढो मान्छेको कथा, भियतनामी सुरुङ युद्धको कथा चित्र, ल्यू साओ चीको असल कम्युनिस्ट कसरी बन्ने आदि सुनाउने र पढाउने कामहरू नियमित हुने गर्थे।

इलामको राजनीतिक काम निम्नमध्यम र गरिब किसान वर्गमा केन्द्रित भएको हुनाले किसानहरू हिउँदभर कन्दमूल, इस्कुस, पिँडालु, फूल तरुल, वन तरुल र सिस्नो आदि खाएर जीवन गुजार्नु हुन्थ्यो। हामीलाई पनि त्यही दिनुहुन्थ्यो। आनन्द लाग्थ्यो।

**तीता अनुभव**

सेल्टर लिएर बस्दा नसोचेका कुराहरू पनि हुँदा रहेछन्। एक जना किसान कमरेडकोमा म अरु कमरेडभन्दा अलिक बढी जाने र बस्ने गर्दो रहेछु। त्यहाँको सङ्गठक कमरेडले त्यहीँ बस्न पठाउनु हुन्थ्यो। घरधनी कमरेडले एक जना कमरेडसँग मेरोमा त तलामाथि बेसार राखेको थिएँ, हराएछ भन्नुभएछ। ती कमरेडले तलामाथि राखिएको बेसार कसरी हराएछ त भनेर सोध्नु भएछ। फलाना कमरेड आउनुभएको थियो, लानुभएछ क्यार भन्नु भएछ। अर्को कमरेड अचम्ममा पर्नुभएछ र त्यहाँको सङ्गठक कमरेडलाई सुनाउनु भएछ। उहाँले के हो त भनेर बुझ्न जाँदा त्यस्तो त होइन, सन्तोष कमरेड (त्यसबेलाको मेरो भूमिगत नाम) लाई अलिक बढी पुलिसले खोजी गर्छ, धेरै सुरक्षित रूपमा राख्नुपर्छ भनेर तपाईंहरूले भन्नुभएकाले मलाई डर लागेको र अबदेखि नआउनुहोस् भनेर मात्र हो। त्यसपछि म त्यहाँ जान छोडेँ।

त्यस्तै म २०४०/०४१ सालमा पाँचथरमा काम गर्न गएँ। एक वर्षजति काम गर्दा सिन्धुपाल्चोकको पिस्कर हत्याकाण्डको विरोधमा इलाम र ताप्लेजुङका कमरेडहरूसँग सहयोग मागेर पाँचथरमा जिल्लाव्यापी भित्तेलेखन, पर्चा छर्ने र टाँस्ने गरेपछि प्रशासनिक दमन सुरु भयो। सेल्टरहरू पाउन छोडियो। त्यसपछि पाँचथरको जिल्ला कमिटी अस्थायी कालका निम्ति भङ्ग गरेर कमरेड देवराज घिमिरे र म इलाम आयौँ। गणेश काम्बाङ र सीएन सापकोटा ताप्लेजुङको कमिटीमा सङ्गठित हुनुभयो।

**अन्त्यमा,**

इलाममा निर्माण भएका सेल्टरहरूमध्ये रत्नकुमार वान्तवाले २०३२ सालदेखि झापाका कमरेडहरूसँग सम्पर्क गर्ने मुख्य थलोका रूपमा प्रयोग गर्नुभएको दानाबारीको रामप्यारी दिदीको घरमा २०४६ सालसम्म नै जिल्लास्तरीय धेरै कार्यक्रम गरिए। इभाङको धनमाया दिदीको घरबाट २०३५ चैत २७ गते बिहान रत्न, सुशीला, म र राममाया निस्केको केही बेरमै रत्नको हत्या भयो। त्यस घरमा पनि २०४६ सालसम्म धेरै कमरेडहरूले आश्रय लिनुभयो। पशुपतिनगरमा निम्नवर्गीय किसान खड्गबहादुर लिम्बुको घरमा अञ्चल र जिल्लास्तरीय भेला र बैठकहरू सम्पन्न भएका थिए भने २०४० सालपछि वर्तमान सभामुख देवराज घिमिरे र टीका बस्नेतका बीचमा भूमिगत रूपमा विवाह सम्पन्न भएको थियो। चमैता चित्रेसँग जोडिएको बाक्सिला गाउँमा

आमा मनरानी राईको घरमा २०४० असार ३२ गतेदेखि साउन ३ गतेसम्म जिल्ला कमिटीको विस्तारित बैठक सम्पन्न भएको थियो। आमा अहिले ८२ वर्ष पुग्नुभएको छ, अझै सक्रिय र स्वस्थ हुनुहुन्छ। यसरी पार्टीका महत्त्वपूर्ण सम्मेलन, प्रशिक्षण यिनै सेल्टरहरूमा सम्पन्न भएका छन्। यसबाहेक अनेकिसङ्घ, अनेमसङ्घ र बुद्धिजीवीहरूका सम्मेलन सम्पन्न भएका छन्। निरङ्कुश राजतन्त्रको चरम दमनको समयमा अत्यन्तै भूमिगत शैलीमा ३/४ दिनसम्म लगातार यस्ता भेला/सम्मेलनहरू सञ्चालन गर्न सजिलो थिएन। सेल्टरदाताहरूको उच्च आत्मबलिदानी भावना नहुँदो हो त सम्भवै हुँदैनथ्यो। किसानहरू दिनभरि मेलापात गरेर रातभरि हाम्रो कार्यक्रमको ड्युटी गरेर सुरक्षा गर्नुहुन्थ्यो। रातको समयमा मिटिङ, सम्मेलन अथवा जुनसुकै कार्यक्रम पनि बढी गर्नुपर्थ्यो। राति सुनसान अवस्था अलिक ठूलो स्वरले पनि बोल्न पाइन्थ्यो। गाउँका पञ्च र दलालहरूले सेल्टरदाताको घरमा कार्यक्रम भएको वा कम्युनिस्ट बसेको सुइँको पाएको खण्डमा त्यस घरका कमरेडहरूलाई पक्राउ गरी चरम यातना दिने, जेल पठाउने, वर्षौं तारिखमा झुन्ड्याउने काम गर्थे। यस्तै आरोपमा माबुका ब्रतमान गुरुङ, मङ्गलबारेका कुलप्रसाद पराजुली, जीतपुरका इन्द्रनारायण कट्टेल, सिद्धिथुम्काका विष्णु भण्डारी, सुम्बेकका भोगेन्द्र राई, माईपोखरीका कमल मुखिया, इलाम नगरपालिकाका डीबी गुरुङ लगायत कतिले लामो समयसम्म जेल जीवन त कतिले लामो समयसम्म तारिख धाउनु पर्‍यो। तर उहाँहरूबाट प्रतिक्रियावादीहरूले केही पाउन सकेनन्। उहाँहरू सबैजसो पार्टीको जिम्मेवार व्यक्ति हुनुहुन्थ्यो। इलाम जिल्लामा पार्टी निर्माणमा योगदान गर्नुहुने सबै सेल्टरदाताहरूप्रति मेरो सम्मान र आदर छ। ●